नेपाली महावाणिज्यदूतावास
कोलकाता
CONSULATE GENERAL OF NEPAL
KOLKATA

## प्रेस विज्ञप्ति

### गणतन्त्र दिवस, २०८३ तथा ७३औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस विविध कार्यक्रमका साथ सम्पन्न

नेपाली महावाणिज्यदूतावास, कोलकाताले २९ मे २०२६ (२०८३ जेठ १५) का दिन गणतन्त्र दिवस, २०८३ तथा ७३औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस विविध कार्यक्रमका गरी सम्पन्न गरेको छ।

गणतन्त्र दिवसको अवसरमा महावाणिज्यदूतावास परिसरमा दुतावासका सबै कर्मचारीको उपस्थितिमा सम्माननीय राष्ट्रपतिज्यूको शुभकामना सन्देश वाचन, नेपालको राष्ट्रिय गान प्रस्तुत, राष्ट्रिय झण्डोत्तलन गरिएको थियो। सो अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्दै महावाणिज्यदूत श्री झक्कप्रसाद आचार्यले हजारौं नेपाली नागरिकको त्याग, तपस्या तथा बलिदानको प्रतिफलस्वरूप नेपालमा गणतन्त्र स्थापना भएको उल्लेख गर्नुभयो। उहाँले गणतन्त्रले नागरिक सर्वोच्चता, समावेशिता, विधिको शासन, मानव अधिकार, लोकतान्त्रिक मूल्य मान्यता तथा सामाजिक न्यायलाई संस्थागत गर्ने महत्वपूर्ण आधार प्रदान गरेको बताउँदै राष्ट्रको समृद्धि, सुशासन र दिगो विकासका लागि गणतान्त्रिक व्यवस्थालाई थप सुदृढ बनाउँदै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो। गणतन्त्र दिवसको अवसरमा महावाणिज्यदूतावास परिसरलाई राष्ट्रिय झण्डा, ब्यानर तथा अन्य सजावटद्वारा सुसज्जित गरिएको थियो भने साँझ दीप प्रज्ज्वलन कार्यक्रम समेत आयोजना गरिएको थियो।

सोही दिन साझ "Sagarmatha: Identity and Pride of Nepal" भन्ने नाराका साथ ७३औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस पनि मनाइएको थियो। सन् १९५३ मे २९ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको पहिलो सफल आरोहण गर्ने महान् आरोहीहरू Edmund Hillary र Tenzing Norgay Sherpa को ऐतिहासिक उपलब्धिको स्मरणमा प्रत्येक वर्ष मनाइने यस दिवसका अवसरमा कोलकातास्थित ट्राभल एण्ड टुर व्यवसायी, पर्यटन क्षेत्रसँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा उपमहावाणिज्यदूत श्री दीपेश लेखकले सगरमाथाको अन्तर्राष्ट्रिय महत्व, नेपालको पर्यटन सम्भावना, पर्वतीय पर्यटन, हिमाल संरक्षण तथा दिगो पर्यटनका विविध पक्षहरू समेटिएको प्रस्तुतीकरण गर्नुभएको थियो। प्रस्तुतीकरण पश्चात् सहभागीहरूबीच नेपाल-भारत पर्यटन सहकार्य, नेपाल भ्रमण प्रवर्द्धन, पर्यटन पूर्वाधार विकास तथा पर्यटक आदान-प्रदानका सम्भावनाबारे अन्तरक्रिया तथा प्रश्नोत्तर कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै महावाणिज्यदूत श्री झक्कप्रसाद आचार्यले सगरमाथा नेपालको राष्ट्रिय गौरव, पहिचान र विश्व समुदायलाई जोड्ने साझा सम्पदा भएको उल्लेख गर्नुभयो। उहाँले सगरमाथाले नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता तथा साहसिक पर्यटनको अन्तर्राष्ट्रिय पहिचान स्थापित गर्न

1, National Library Avenue, Alipore, Kolkata-700 027, W.B., INDIA, • Tel : 033-2456-1154 / 1224 / 1103
E-mail ID : cgnkolkata@mofa.gov.np, nepalconsulate@gmail.com • Website : ccu.nepalconsulate.gov.np

महत्वपूर्ण योगदान पुऱ्याएको बताउँदै पर्यटन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूलाई नेपालका विविध पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो।

दुवै कार्यक्रमहरू उत्साहपूर्ण सहभागिता, आपसी सद्भाव तथा रचनात्मक छलफलका साथ सफलतापूर्वक सम्पन्न भएका थिए। कार्यक्रमको समापन धन्यवाद ज्ञापन तथा जलपानसहित गरिएको थियो।

नेपाली महावाणिज्यदूतावास, कोलकाता
२९ मे २०२६


CONSULATE GENERAL OF NEPAL
KOLKATA
TOILET




75
TAAI
PAL


On the occasion of
International Sagarmatha Day


International Sagarmatha Day 2026